नेपालगन्ज उपमहानगरपालिकाले *प्रदान गर्ने सेवा र सुविधा प्रभावकारिता र विकास निर्माणको गुणस्तरीयता विषयक*

# सार्वजनिक सुनुवाई कार्यक्रम २०८३ असार २३ गते

# कार्यक्रम प्रगति-प्रतिवेदन






**आयोजक**

नेपालगन्ज उपमहानगरपालिका, बाँके

**सहजिकरण**

बास नेपाल

*नेपालगन्ज उपमहानगरपालिकाले प्रदान गर्ने सेवा र सुविधा प्रभावकारिता र विकास निर्माणको गुणस्तरीयता विषयक*

# सार्वजनिक सुनुवाई कार्यक्रम २०८३ असार २३ गत

# कार्यक्रम प्रगति-प्रतिवेदन

## १. सहजिकरण गर्ने संस्थाको परिचय

बास नेपाल बिगत २५ बर्ष देखि सामाजिक रुपान्तरणका लागि क्रियाशिल राष्ट्रिय गैर सरकारी संस्था हो । २०५७ मंसिर २४ गते स्थापित यो संस्था देशमा ब्याप्त भ्रष्टाचार, अनियमितता, ढिलासुस्ति, घुसखोरी जस्ता बेथितिका बिरुद्ध ससक्त रुपमा क्रियाशिल रहँदै आएको छ । ७७ जिल्ला शाखा, ४५ उपशाखा, ६३ ईकाई र ५ हजार बढि युवाहरु आबद्ध भएको यस संस्थाले असल शासन, सामाजिक जवाफदेहिता, सामाजिक सद्भाव, सामुदायिक सुरक्षा, युवा सशक्तिकरण, स्वयंसेवा, बाल अधिकार, बाल संरक्षण, लैंगिक हिँसा न्यूनिकरण, सामुदायिक सशक्तिकरण र संस्थागत बिकासका क्षेत्रमा काम गर्दै आईरहेकोछ । बास नेपाल भ्रष्टाचार बिरुद्धको बिश्वव्यापी संस्था ट्रान्सपरेन्सी ईण्टरनेशनल नेपालको आबद्ध संस्था हो ।

## २. कार्यक्रमको पृष्ठभुमि

राज्य संचालनको गुणस्तरीयताले जनताको जीवनमा निरन्तर प्रभाव पार्दछ । लोकतन्त्रमा सरकारले नागरिकप्रति जवाफदेहि भएर उनीहरुको चित्त बुझाउनु पर्दछ । सार्वजनिक निकायमा बस्नेहरुले कस्तो काम गरिरहेका छन् भनेर नागरिकले चासो राखिरहेका हुन्छन् । त्यसैले राज्य संयन्त्रबाट दिइने सेवा, सुविधा र वस्तुको गुणस्तरका वारेमा सार्वजनिक मञ्चबाट नागरिकले उठाएका प्रश्नको उत्तर दिनु सार्वजनिक पद धारण गरेका व्यक्तिहरुको जवाफदेहिता अन्तर्गत पर्दछ । यस्तो जवाफदेहिता अधिकारमा बसेका जिम्मेवार व्यक्ति र सेवाग्राहि नागरिकका विच गरिने सार्वजनिक सुनुवाइका माध्यामबाट खोज्न सकिन्छ । यसरी संचालन गरिने सार्वजीक सुनुवाइबाट सार्वजनिक निकायहरुलाई उनिहरुले गरेको कामको पृष्टपोषण पनि हुन्छ । सरकारी निकाय र नागरिकको विचमा रहेको अविश्वास घटेर जान्छ र सार्वजनिक निकायले अगाडि सारेका हरेक काम कारबाहिप्रति नागरिकमा अपनत्वको भावना पनि जाग्छ । त्यसैगरी राज्य संयन्त्रले गर्ने गतिविधीका वारेमा नागरिकहरुले गुण र दोषका आधारमा मुल्यांकन गर्न पाउनु पर्छ, यो लोकतान्त्रिक मुलुकका नागरिकको अधिकार हो । सर्वसाधारण नागरिक र अधिकारमा बसेका व्यक्तिहरुका  बीचमा सार्वजनिक चासोको विषयमा हाकाहाकि प्रश्नेत्तर गर्ने सामुदायिक मञ्चलाई सार्वजनिक सुनुवाई भनिन्छ । यसले स्थानीय नागरिकहरुमा विकास योजना प्रति अपनत्वको भावना विकास गर्नुका साथै पारदर्शिताको अभ्यास गर्दछ । आफ्नो कार्यालयले वर्ष भरीमा सञ्चालन गरेका गतिविधिको प्रभावकारीताका लागि अनिवार्य रुपमा आवधिक तथा वार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाई गर्नु पर्ने राज्यले व्यवस्था गरे अनुसार स्थानिय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि -२०६७ समेत लागु भएको छ । नेपालमा सार्वजनिक सुनुवाईको अवधारणा-२०५० साल पौष १३ गते देखि केदार खड्काले सुरुवात गरेको एकआपस टेलिभिजन कार्यक्रमबाट सुरुवात भएको मानिन्छ । पांच बर्ष सम्म नियमित संचालन भएको सो कार्यक्रमले



वागेश्वरी असल शासन क्लब (बाँके) २०५७ GP

नेपालमा सार्वजनिक सुनुवाइको अबधारणालाई नागरिकका विच लोकप्रिय बनाएको थियो । सार्वजनिक सुनुवाइले सर्वसाधारण नागरिकलाई अधिकारमा बसेका ब्यक्ति नजिक पुग्ने र आफ्ना असन्तुष्टि पोख्ने अवसर दिन्छ । त्यसैले यसलाई सर्वसाधारणको पहुँच अधिकारमा बस्नेहरु सम्म पनि भन्ने गरिन्छ ।

सार्वजनिक सुनुवाईको प्रभावकारितालाई ध्यानमा राखेर पहिलो पटक नेपाल सरकारले-२०६२ सालमा सार्वजनिक सुनुवाई सम्बन्धि निर्देशिका नै बनाएर यो संयन्त्रलाई संस्थागत गरेको पाईन्छ । सुनुवाईमा पछाडिपरेका, दलित, अल्पसंख्य, अपाङ्गता भएका सर्वसाधारण नागरिकहरुको उपस्थिती उल्लेखनीय हुनु पर्दछ । हाल सार्वजनिक सुनुवाइलाई विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले अबलम्बन गरेर आफ्ना कार्यक्रम बनाएर सञ्चालन गरी रहेका छन् । स्थानीय सरकार संचालन ऐन २०७४ मा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वको लागि सार्वजनिक सुनुवाई गर्नुपर्ने प्राब्धान गरेको छ । सुशासन ऐन-२०६४ को दफा ३० मा सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था गरी कानूनी व्यवस्था गरिएको छ । त्यसैगरी सुशासन नियमावली-२०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४ महिनामा कम्तिमा एउटा सुनुवाई गर्नु पर्ने व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले समेत सबै स्थानीय तहहरुले सार्वजनि सुनुवाइ गर्नुपर्ने करालाई अंगिकार गरेको छ । पछिल्लो समयमा आएर स्थानीय तहहरुरुले यो संयन्त्रलाई आत्मसात गरी सार्वजनिक सुनुवाई सञ्चालन गर्दै आएका छन् । सोहि कुरालाई मध्येनजर गर्दै नेपालगन्ज उपमहानगरपालिकाको आयोजना र बास नेपालको सहजिकरणमा नेपालगन्ज उपमहानगरपालिकाको आ.व. २०८२/०८३ को अन्तिम चौमासिकमा भएका विकास निर्माणका कार्यहरुको गुणस्तरीयता र कार्यालयबाट प्रवाह गरिएका सेवाको प्रभावकारिता बारे खुला छलफलका लागि नेपालगन्ज उपमहानगरपालिकाको वडा नं. १२ को भेरी प्राविधिक शिक्षालयको सभाहलमा २०८३ असार २३ गतेका नेपालगन्ज उपमहानगरपालिकाले *प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता र विकास निर्माणको गुणस्तरीयता विषयक सार्वजनिक सुनुवाई कार्यक्रम* सम्पन्न भएको छ ।

## ३. कार्यक्रमका उद्धेश्यहरु :

- उपमहानगरपालिकाको काम कारबाही बारे नगरवासिलाई जानकारी गराउने ।
- उपमहानगरपालिकाको २०८२/०८३ को प्रथम चौमासिक प्रगति सार्वजनिक गर्ने ।
- उपमहानगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाका बारेमा छलफल तथा वहस गर्ने ।
- उपमहानगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिताका बारेमा पृष्ठपोषण लिने ।
- चौमासिक गतिविधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाव संकलन गर्ने ।
- प्राप्त प्रश्न तथा सुझावको आधारमा साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गर्ने ।

## ४. कार्यक्रम संचालनका क्रममा अवलम्बन गरिएका विधिहरु :

नेपालगन्ज उपमहानगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता विषयक सार्वजनिक सुनुवाई गर्नु पूर्व देहाय बमोजिमका विधिहरु अवलम्बन गरिएको थियो :



बागेश्वरी असल शासन क्लब (बास) ★२०५७★ BGP

***क. प्रस्तावना पेश र सम्झौता :*** कार्यक्रम संचालन गर्नुपूर्व रित पूर्वक सबै प्रक्रिया पुरा गरी नियमसँगत र प्रक्रियागत रुपमा कार्यक्रम संचालन गर्न नेपालगन्ज उपमहानगरपालिकाकले सार्वजनिक गरेको सूचना वमोजिम प्रस्तावना पेश गरिएको थियो । सो प्रस्तावना माथि पालिकाले मूल्यांकन गर्दै सहजीकरणको लागि बास नेपाललाई छनौट गरि कार्यक्रम संचालन गर्ने कार्य आदेश प्रदान गरेको थियो ।

***ख. ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन :***

कार्यक्रम गर्नु पुर्व आयोजक निकायका प्रतिनीधी र सहजिकरणको जिम्मा पाएको संस्था बीच स्थानीय सरकार संचालन ऐन २०७४, सुशासन ऐन २०६४ तथा नियमावली, २०६५, स्थानीय निकाय सार्वजनिक सुनुवाइ सहजिकरण कार्यविधि, २०६७, सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धि कार्यबिधि २०७७ (नमुना मस्यौदा) लगायतका निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन गरिएको थियो भने ऐन, नियमावली र कार्यविधिमा भएका प्रक्रियाका बारेमा आश्यक छलफल गरिएको थियो ।

***ग. मिति, समय र स्थान निर्धारण :***

नेपालगन्ज उपमहानगरपालिका र बास नेपाल बिच भएको छलफल पश्चात नेपागन्ज उपमहानगरपालिका वडा नं. १२ मा रहेको भेरी प्राविधिक शिक्षालयको सभाहलमा दिउसो २:०० बजे देखि कार्यक्रम संचालन गर्ने समय निर्धारण गरिएको थियो ।

***घ. कार्यक्रमका लागि सूचना तथा प्रचार प्रसार र पत्राचार :***

सार्वजनिक सुनुवाई कार्यक्रम संचालन हुने विषयमा सार्वजनिक सुनुवाई कार्यक्रमको व्यापक सूचना प्रबाह र प्रचार प्रसारको लागि उपमहानगरपालिका मार्फत असार २० गते देखि नै स्थानीय नागरिकहरु, राजनीतिक दलका प्रमुख प्रतिनिधिहरु तथा सर्वसाधारण नागरिहरुलाई पत्राचार गरिएको थियो । त्यसैगरी उपमहानगरपालिका तथा बास नेपाल मार्फत सामाजिक संजालमा सबैलाई सार्वजनिक सूचना गरिएको थियो । त्यसैगरी सबै वडाहरुमा माइकिंग गरिएको थियो । आम नागरिकहरुको व्यापक सहभागिताका लागि कार्यक्रम हुनु अगाबै सार्वजनिक सूचना प्रकाशन, निमन्त्रणा पत्र वितरण तथा पत्राचार समेत गरिएको थियो । विशेष गरि वडा कार्यालय र बास स्वयंमसेवकहरु मार्फत सबै वडाका स्थानीय नागरिकहरुलाई आमन्त्रण गरिएको थियो ।

## ५. कार्यक्रम संचालन

नेपालगन्ज उपमहानगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाई नेपालगन्ज उपमहानगरपालिकाको आयोजना र बास नेपालको सहजिकरणमा मिति २०८३ असार २३ गते भेरी प्राविधिक शिक्षालयको सभाहलमा सम्पन्न भएको छ ।

कार्यक्रमको शुभारम्भमा कार्यक्रमका सजकर्ता बास नेपालका कार्यक्रम अधिकृत रबिन्द्र बोहराले कार्यक्रमको पृष्ठभूमिको बारेमा जानकारी गराउदै अनौपचारिक रुपमा कार्यक्रम संचालनलाई अगाडी बढाएका थिए । कार्यक्रमका प्रमुख जवाफदेही वक्ता तथा सरोकारवालाहरुको आशन ग्रहण पश्चात बास नेपालका कार्यकारी निर्दशक नमस्कार शाहले सार्वजनिक सुनुवाईको उदेश्यबार जानकारी गराउँदै उपस्थित सम्पूर्ण सरोकारवाला र सहभागीहरुलाई स्वागत गरेका थिए ।

कार्यक्रममा सबै सहभागि मार्फत सर्वाजनिक सुनुवाईका आचार संहिता अनुमोदन पश्चात खुल्ला गरिएको प्रश्नोत्तर खण्डमा प्रश्न, सुझाव र जिज्ञासा राख्ने सहभागीहरुले सार्वजनिक यातायामा अपांगता भएका व्यक्तिलाई छुट गर्नुपर्ने, फोहोर व्यवस्थापन तथा ढल निकास हुन नसकेको, महिला हिँसा नियन्त्रण गर्नुपर्ने, राप्ती नदिबा आउने पानी नगरमा जति सकिन्छ छिटो ल्याउने प्रबन्ध मिलाउनुपर्ने, ट्राफिक व्यवस्थापन गनुपर्ने, लागु औषध नियन्त्रण गरिनुपर्ने, कृषको लागि सिँचाई र मलको व्यवस्था मिलाउनुपर्ने, वडा नं. १७ को वडा कार्यालय र विद्यालय छुट्टाछुट्टै स्थानमा गर्नुपर्ने, विभिन्न सडकहरु निर्माण गरिनुपर्ने, फुटपात व्यवस्थापन गरिनुपर्ने, चिल्ड्रन पार्क तथा खेलमैदान बनाउनुपर्ने जस्ता दर्जनैं प्रश्न, प्रश्न जिज्ञासा र सवाल राखेका थिए ।

सुनुवाईमा सहभागीहरुको प्रश्नको जवाफमा बोल्दै कार्यक्रमका प्रमुख जवाफदेहि वक्ता नगर प्रमुख प्रशान्त विष्टले नगरभित्रको सबै बाटोहरु स्थानीयहरुबाट माग भई आएमा योजनामा राखिने र क्रमश निर्माण गर्दै जाने, राप्ती नदिबाट नेपालगन्ज उपमहानगरपालिका भित्र वितरण गर्ने गरी पाइपलाइनमा रहेको खानेपानीको योजना जग्गा प्राप्ती नभएको कारणले ढिलाई भएकोले जग्गा प्राप्त भई सकेको र १/२ वर्ष भित्रमा कार्य सम्पन्न गर्ने, फोहोर व्यवस्थापनको लागि मौजुदा कानुनलाई कडाईका साथ लागु गर्ने, छाडा पशु चौपाय नियन्त्रण्को कार्य निरन्तर भईरहेको, कृषकहरुको लागि समयमै मल उपलब्ध गराउन पहल गर्ने, सुर्खेत रोडको फुटपात व्यवस्थापन कडाइका साथ गर्ने गराउने, लागु औषध रोकथाम र नियनत्रणका लागि निरन्तर सचेतनामूलक कार्यक्रम संचालन गर्दै लैजाने बताए ।

त्यस्तै अर्का अवाफदेहि वक्त बाँके जिल्लाका प्रमुख जिल्ला अधिकारी दिल कुमार तामाङले जिल्लाको शान्ति सुरक्षा कायम गर्ने तथा लागु औषध नियन्त्रको लागि नागरिकहरु स्वयंसेचेत हुनुपर्ने र सूचना सम्बन्धित निकायलाई दिएर सहयोग गर्नेपर्ने, नेपाल बैंक लिमिटेडबाट जिल्ला प्रशासन आउनुबाटोको तत्काल सफाई गर्ने, जिल्ला प्रशासनको प्रवेशद्धारमा रहेको प्रतिक्षालयको मर्मत गर्ने, ट्राफिक व्यवस्थापनको लागि उपमहानगरपालिका र जिल्ला प्रहरीसँग निरन्तर बैठक र समन्वय भई रहेको, सार्वजनिक यातायातमा अपांगता भएका व्यक्तिलाई छुट गराउन यातायात व्यवसायीसँग सैद्धान्तिक छलफल भएको बताए ।

त्यस्तै बाँके जिल्लाका प्रहरी प्रमुख अँगुर जिसिले सहभागीहरुबाट आएका प्रश्नहरुको उत्तरमा जिल्लाको सुरक्षाालाई थप व्यवस्थित गर्न निकट भविष्यमै आधुनिक प्रविधियुक्त सिसि क्यामरा सहितको निगरानी प्रणाली निकट दिनमा नै लागु हुने, लागु औषध नियन्त्रणको लागि प्रहरी निरन्तर लाग रहेको र नागरिकले सूचना दिएर सहयोग गर्नुपर्ने बताए ।

१८० जनाको सहभागिता रहेको कार्यक्रममा बास नेपालका कार्यक्रम अधिकृत रबिन्द्र बोहराले बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन पत्र कार्यक्रमको पहिलो खण्डामा रखेका थिए ।

बास नेपालका कार्यकारी निर्देशक नमस्कार शाहले अन्तमा प्रतिबद्धताको घोषणा गर्दै कार्यक्रमको समापन गरेका थिए ।

## ६. कार्यक्रममा उठान भएका सवालहरु

सार्वजनिक सुनुवाइमा सहभागीहरुले सडक तथा नाली निर्माण, लक्षित वर्ग केन्द्रित कार्यक्रम, यायातात, खानेपानी, शिक्षा, सुरक्षा लगायतका दर्जनौं विषयहरुमा जिज्ञाशा, गुनासो तथा प्रश्न राखेका थिए ।

## ७. प्रतिबद्धताको सार्वजनिकरण

सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएपछि सार्वजनिक सुनुवाईमा उठेका सवाल वा विषयहरु, सुनुवाईको क्रममा सोधिएका प्रश्न तथा जवाफको आधारमा सुधारको लागि १० बुंदे साझा सार्वजनिक प्रतिबद्धताहरुको घोषणा गरिएको थियो । १० बुँदे प्रतिवद्धताहरु प्रतिवेदनको अनुसूचीमा संलग्न गरिएकोछ ।

## ८. सार्वजनिक सुनुवामा सहभागिहरु उपस्थिती संख्या:

सार्वजनिक सुनुवाई कार्यक्रममा पालिकाको सबै वडाबाट सेवाग्राही, सदस्यहरु, विभिन्न सञ्जालका प्रतिनिधि, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, शिक्षक, विद्यार्थी, बुद्धिजिवी, विभिन्न संघसंस्थाका प्रतिनिधी लगायत विभिन्न विषयगत कार्यालयका सहभागिहरुको समेत सहभागिता रहेको थियो । जुन देहायको तालिकामा उल्लेख छ :

| महिला | पुरुष | जम्मा | दलित | मधेशी | मुस्लिम | जनजाती | अन्य |
|---|---|---|---|---|---|---|---|
| ८७ | ९३ | १८० | ३ | ३५ | २५ | ३० | ८७ |

## ९. सुनुवाईका जवाफदेहि वक्ताहरु :

**सार्वजनिक सुनुवाई कार्यक्रममा तपसिल अनुसारका जबाफदेहि बक्ताहरुको अर्थपूर्ण सहभागिता रहेको थियो ।**

| *क.स.* | *नाम* | *पद* | *निकाय* |
|---|---|---|---|
| १. | प्रशान्त विष्ट | नगर प्रमुख | नेपालगनज उपमहानगरपालिका |
| २. | दिल कुमार तामाङ | प्रमुख जिल्ला अधिकारी | बाँके |
| ३. | मानबहादुर बम | प्रमुख प्रशासकीय अधिकृत | नेपालगन्ज उपमहानगरपालिका |
| ४. | अँगुर जिसी | प्रहरी प्रमुख | जिल्ला प्रहरी, बाँके |
| ५. | प्रमोद रिजाल | वडा अध्यक्ष | नेपालगन्ज उपमहानगरपालिका १ |
| ६. | गोविन्द रेग्मी | वडा अध्यक्ष | नेपालगन्ज उपमहानगरपालिका ९ |

## १०. सवल पक्षहरु

प्रभावकारी सेवा, सुविधा तथा गुणस्तरीय विकास कार्यक्रम, विकास निर्माण बारे खुला छलफल गरी नागरिकका गुनासा तथा रचनात्मक सुझाव संकलनका सञ्चालन भएको सार्वजनिक सुनुवाई एक सफल कार्यक्रमको रुपमा स्थापित भएको छ । यो कार्यक्रम सञ्चालनको क्रममा पाइएका केहि सवल पक्षहरु देहाय बमोजिम रहेका छन् ।

- सार्वजनिक सुनुवाई कार्यक्रम सुशासन ऐन, नियमावली तथा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यबिधि-२०६७ अनुसार, सार्वजनिक जवाफदेहिता सम्बन्धि कार्यबिधि २०७७ (मस्यौदा) सम्पन्न भएको छ ।
- सार्वजनिक सुनुवाई कार्यक्रममा गाउँपालिकाको सेवा प्रवाहको अवस्था, मूख्य-मूख्य उपलब्धिहरु, नयाँ कार्यहरु र आगामी योजना बारे जानकारी गराउने काम भएको छ ।
- सहभागिहरुले गुनासा, जिज्ञासा, सुझाव स्वस्फूर्त रुपमा धक फुकाएर अभिव्यक्त गरेका छन् ।





- कार्यक्रमको सुरुवातमा सार्वजनिक सुनुवाइका आचारसंहिता प्रस्तुत सहित अनुमोदन गरी कार्यक्रम संचालन गरिएको थियो ।
- सहभागिहरुबाट उठान गरिएका सवालहरु तथा सुझावहरुको जवाफदेहि वक्ताहरुबाट चित्त बुझ्दो जबाफ खोज्ने काम भएको थियो भने सहजकर्ताबाट थप प्रष्ट पार्नका लागि प्रभावकारी रुपमा सहजिकरण गर्ने काम भएको थियो ।
- कार्यक्रमको अन्तमा छलफल भएका विषयवस्तुहरुलाई संक्षेपीकृत गरी ६ बुँदे प्रतिवद्धता तयार र सार्वजनिकीकरण गरी जवाफदेहि वक्ताहरुलाइ हस्ताक्षर गराईएको थियो ।
- सार्वजनिक सुनुवाई कार्यक्रमको प्रचार प्रसारका लागि सार्वजनिक सूचना, पत्राचार, निमन्त्रणा वितरण गरिएको थियो ।
- सुनुवाईमा अल्प संख्य, सिमान्तकृत, तथा पछाडि परेका वर्गहरुको अर्थपुर्ण सहभागिता रहेको थियो ।
- जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालयको प्रमुखको उपस्थितीले कार्यक्रमलाई थप प्रभावकारी बनाएको थियो ।

## ११. सुधारका लागि सुझाव

- कार्यक्रम संचालन गर्दा अपांगतामैत्री स्थान चयन गर्नुका साथै दोभाषेको पनि व्यवस्था गनुपर्ने देखिन्छ ।
- कार्यक्रमलाई थप प्रभावकारी बनाउन आश्यक स्रोतको थप प्रबन्ध मिलान आवश्यक छ ।
- सहभागहरुले आचार सहिँताको पूर्ण पालना गर्नुपर्ने देखिन्छ ।
- सार्वजनिक सुनुवाईमा सबै वडा अध्यक्ष तथा शाखा प्रमुखहरु, कार्यपालिका सदस्यहरुको अनिवार्य उपस्थिति गराउन आवश्यक छ ।
- घोषण गरिएका प्रतिबद्धाहरुको कार्यान्वयन गर्न त्यतीकै आवश्यकता छ ।

## १२. कार्यक्रमका उपलब्धिहरु :

- उपमहानगरपालिकाको काम कारबाही बारे नगरवासिलाई जानकारी गराउने कार्य भएको छ ।
- उपमहानगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाका बारेमा छलफल तथा वहस गर्ने काम भएको छ ।
- उपमहानगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिताका बारेमा पृष्टपोषण लिने काम भएको छ ।
- चौमासिक गतिविधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाव संकलन गर्ने काम भएको छ ।
- प्राप्त प्रश्न तथा सुझावको आधारमा साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गर्ने काम भएको छ ।

## १३. सुनुवाईका तस्विरहरु :



















रबिन्द्र बोहरा

प्रतिवेदक

## *अनुसूची १*

***सार्वजनिक सुनुवाइमा जारी गरिएका सहभागि तथा जबाफदेहिबक्ताले पालना गर्नुपर्ने आचारसंहिता :***

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम र ठेगाना सहित प्रश्न, जिज्ञासा वा सुझाब के हो राख्नुपर्नेछ

४. सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदांगत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नु पर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बिते पछि तत्काल प्रस्तुती रोक्नुपर्नेछ ।

५. आफू भन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुने छैन ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाईनेछ ।

७. सहभागीले बिना आधार कसै प्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाईने छैन ।

८. सुनुवाईका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाई राख्न वा बोल्न पाईने छैन ।

९. सुनुवाईलाई बिथोल्ने प्रयास कतैबाट भएको पाईएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधानखोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१०. सुनुवाईलाई विषयान्तर हुनबाट जोगाउन सबै सहभागि सचेत हुनु पर्नेछ ।

बागेश्वरी असल शासन क्लब ★२०५७★ (प्रा.)

## अनुसुची : २

## साझा सार्वजनिक प्रतिबद्धताहरु

**प्रतिबद्धता नं. १ :** दुई महिना भित्र नेपालगञ्ज उपमहानगरपालिकाको प्रशासकिय भवनको पुर्ननिर्माण गर्ने, सेवा प्रबाह र भौतिक संरचनालाई अपाँगता मैत्री बनाउने,

**प्रतिबद्धता नं.२:** छाडा पशु चौपाय व्यवस्थापनमा नियमित उपमहानगर सक्रिय रहेकोमा यस कार्यलाई निरन्तरता दिने, नेपालगञ्जलाई डुवान हुन नदिन पूर्णरुपमा सचेत रहने,

**प्रतिबद्धता नं.३:** नेपालगञ्जलाई सफा, सहर बनाउनका लागि आ-आफ्नो तर्फबाट पहल गर्ने, सार्वजनिक स्थलमा फोहर गर्ने निकाय, व्यक्तिलाई नियम बमोजिम कार्वाही गर्ने,

**प्रतिबद्धता नं.४:** मनोरञ्जनका नाममा खुलेका मसाज, स्पा, दोहोरी साँझ लगायतलाई नियमन गर्ने, बिकृति, बिसंगति बिरुद्ध शुन्यसहनशिलता कायम गर्ने

**प्रतिबद्धता नं.५:** बाँके जिल्लालाई सुरक्षित, सभ्य जिल्ला बनाउन आम नागरिकका साथै सम्पूर्ण निकाय जिम्मेवार रहने,

**प्रतिबद्धता नं.६:** सार्वजनिक स्थानमा सुतीजन्य पदार्थको प्रयोग, बेचबिखन रोकथामका लागि आवश्यक कदम चाल्ने,

**प्रतिबद्धता नं.७:** नेपालगञ्ज सहरलाई सुरक्षित सहर बनाउनका लागि आगामी आवमा सहरका बिभिन्न स्थानमा सिसि क्यामेरा जडान गर्ने,

**प्रतिबद्धता नं.८:** लागु औषध नियन्त्रणका लागि सञ्चालन भईरहेका बिभिन्न अभियान, कार्यक्रमलाई निरन्तरता दिने, पछिल्लो समय लागु औषध दुर्व्यसनमा महिलाहरु संलग्न भई बिभिन्न समस्याहरुमा परिरहेकाले जनचेतना, पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गर्ने

**प्रतिबद्धता नं.९:** नगर क्षेत्र भित्रको सडक अतिक्रमण हटाउनुका साथै पैदल यात्रुहरु हिंड्ने बाटोको प्रयाप्त व्यवस्था गर्ने,

**प्रतिबद्धता नं.१०:** आत्महत्या, लागु औषध लगायतका समस्याहरुको समाधानका लागि मनोसामाजिक मनोबिमर्श सेवाका कार्यक्रमहरु सञ्चालन गर्ने र आगामी आबमा कार्यबिधि बनाई उपमहानगर स्तरिय पुरुष सञ्जाल गठन गर्ने,

असल शासन क्लब २०५७